# खाद्य सुरक्षाको लागि वृक्षारोपण कार्यक्रम संचालन कार्यविधि २०७६

**हिमाली गाउँपालिका**

**धुलाचौर, बाजुरा**

# सुदूरपश्चिम प्रदेश, नेपाल

## खाद्य सुरक्षाको लागि वृक्षारोपण कार्यक्रम संचालन कार्यविधि २०७६

कार्यविधि संख्या :

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७६।०३।२१

**पस्तावना :**

गाउँपालिकाको क्षेत्रलाई हरियाली बनाइउनुका साथै नागरिकलाई खाद्य सुरक्षा लगायत जिविको पार्जनमा सहजता ल्याउने उद्देश्य अनुसार हिमाली गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रहि यो कार्यविधि पारित गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "**खाद्य सुरक्षाको लागि वृक्षारोपण कार्यक्रम संचालन कार्यविधि २०७६**" रहने छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) अध्यक्ष : भन्नाले गाउँपालिको अध्यक्षलाई सम्भन्नु पर्नेछ ।

(ख) उपाध्यक्ष : भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्भन्नु पर्नेछ ।

(ग) प्रमुख प्रशासकिय अधिकृत : भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्भन्नु पर्नेछ ।

(घ) कार्य समिति : भन्नाले गाउँपालिकामा यस कार्यक्रम संचालनका लागि गठन गरिएको समिति सम्भन्नु पनेछ ।

(ङ) मुल्याङ्कन : समिति भन्नाले वडा कार्यपालिकामा यो कार्यक्रम मुल्याङ्कनका लागि गठन गरिएको समितिलाई जनाउने छ ।

(छ) साभ्केदारी संस्थाः यस कार्यक्रम संचालनका लागि साभ्केदारी गर्ने निकाय सम्भन्नु पनर्छ

३. **कार्यक्रमको कार्यक्षेत्र :** यो कार्यक्रम हिमाली गाउँपालिकाको ७ वटै वडामा संचालन हुनेछ ।

४. **बोट बिरुवा उपलब्ध गराईने :** एक लक्षित संख्यालाई गाउँपालिकाको २० वटा फलफुल तथा अन्य जातका बोट बिरुवा उपलब्ध गराईने छ ।

५. **लक्षित संख्या निर्धारण गरिने :** एक परिवारलाई कम्तिमा एक लक्षित संख्या मानिने छ । तर एक परिवारमा ५ जना भन्दा बढी परिवार संख्या छ भने लक्षित संख्या दुई र १० जना भन्दा बढी परिवार संख्या छ भने सो परिवारलाई लक्षित संख्या तीन निर्धारण गरिने छ ।

६. **निर्धारित लक्षित संख्याले बोट रोप्नु पर्ने :** कार्यक्रम अन्तर्गत निर्धारित लक्षित संख्याले संख्या बराबर उललब्ध गराईएको बोट बिरुवा अनिवार्य रोप्नु पर्नेछ । उक्त बोट बिरुवा मध्य सो परिवारले अनिवार्य रुपमा तिन चौथाई विरुवा फलफुलका लगाउनु पर्नेछ ।

७. **बोट बिरुवा लगाउने स्थान :** लक्षित संख्याले प्राप्त गरेका बोट बिरुवाहरु मध्य फलफुलका बोट विरुवा आफ्नै स्वामित्वमा रहेको जग्गामा लगाउन पर्नेछ भने बाँकी अन्य बोट बिरुवाहरु वडा समितिले निर्धारण गरेको स्थानमा लगाउनु पर्नेछ ।

८. **बोट बिरुवा रोपी संरक्षण गरे वापत खाद्य उपलब्ध गराईने :** यस कार्यक्रम अन्तर्गत कुनै पनि लक्षित परिवारलाई एक बोट बिरुवा बरावर वर्षमा ५ किलोग्राम चामम उपलब्ध गराईने छ । सुरु वर्षमा १ बोट रोपेको सोही समयमा २.५ किलोग्राम पाउने छन् भने सोही बोट वर्षको अन्तिमसम्म हुर्काए बढाएमा थप २.५ किलोग्राम चालम पाउने छन् । सोही बिरुवा पछिका वर्षहरुमा हुर्काए बढाएमा वर्षको मसान्तमा प्रतिबोट ५ किलोग्राम चामल उपलब्ध गराईने छ । प्रतिबोट दिईने खाद्यको समयावधि ५ वर्ष मात्रै रहने ।

९. **कार्यक्रम संचालनका लागि समिति गठन :** यो कार्यक्रम संचालन गर्नका लागि गाउँपालिमा निम्न बमोजिमको एक समिति गठन गरिने छ-

| | |
|---|---|
| संयोजक | : गाउँपालिका अध्यक्ष |
| सदस्य | : गाउँपालिका उपाध्यक्ष |
| सदस्य | : प्रत्येक वडाका अध्यक्ष |

सदस्य : कार्यपालिका सदस्य मध्यबाट अध्यक्षले तोकेका दुई जना

सदस्य : साझेदारी संस्थाका प्रतिनिधि

सदस्य सचिव : गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत

**१०. समितिको काम, कर्तव्य र अधिकार :**

(क) समितिको चौमासिक रुपमा बैठक बस्नेछ । आवश्यकता अनुसार विशेष बैठक बस्नुपर्ने देखिएमा अन्य समयमा समेत बैठक बस्न सक्नेछ ।

(ख) कार्यक्रमको संचालन, रेखदेख र संरक्षण गर्नुपर्नेछ ।

(ग) वडा कार्यालयको मुल्याङ्ककन समितिले सिफारिस गरेको आधारमा बोट बिरुवा वितरण गर्नु पर्नेछ ।

**११. मुल्याङ्ककन समितिको गठन** : यस कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि प्रत्येक वडामा निम्न बमोजिमको एक मुल्याङ्गन समिति गठन गरिने छ ।

संयोजक : वडा अध्यक्ष

सदस्य : वडा सदस्यहरु

सदस्य सचिव : वडा सचिव

**१२. मुल्याङ्गन समितिको काम, कर्तव्य र अधिकार :**

(क) लक्षित संख्यालाई बोट बिरुवा रोप्ने स्थान छनौट गर्नु पर्नेछ ।

(ख) समुदायमा लक्षित संख्या निर्धारण गरि आवश्यक बोट विरुवा मागका लागि सिफारिस गर्ने ।

(ग) लक्षित संख्याले प्राप्त गरेको बोट बिरुवा तोकेको स्थानमा लगाए लगाएनन् सोको अनुगमन मुल्याङ्गन गर्नु पर्नेछ ।

(घ) लक्षित संख्याका लागि आवश्यक खाद्य मागको सिफारिस गर्नु पर्नेछ ।

**१३. खाद्य र बोट खरिद** : गाउँपालिकाले सरोकारवाला निकायसँग समन्वय गरि खाद्य र बोट खरिद गर्नेछ ।

**१४. हुर्काउने बढाउने र रेखदेख गर्ने जिम्मेवारी :** आफुले लगाएका बोट बिरुवा हुर्काउने, बढाउने र रेखदेख गर्ने जिम्मेवारी सम्बन्धित परिवारको हुनेछ । तर आफुले लगाएका बोट बिरुवाहरु कसैले हुर्काउन, बढाउन र रेखदेख गर्न नसकि उक्त बोट मऱ्यो भने सो परिवारलाई यो कार्यक्रमबाट हटाउनुका साथै यस्ता अन्य कार्यक्रममा समेत सहभागी गराईने छैन ।

**१५. विविध :**

(१) यस कार्यक्रम कार्यान्वयन गर्नका लागि गाउँपालिकाले सरोकारवाला संघ संस्था, निकाय तथा कार्यालयसँग समन्वय गरि अगाडी बढाउने छ ।

(२) कार्यक्रममा सहभागी भई लक्षित संख्याले उक्त बोट विरुवाहरुलाई संरक्षण गरि हुर्काए बढाएकाहरुको उचित मुल्याङ्कन गरि सबै भन्दा राम्रो काम गरेको लक्षित परिवारलाई पुरस्कृत गरिने छ ।